# शीतलहर पुर्वतयारी तथा प्रतिकार्य योजना
## २०८२



## जिल्ला विपद् व्यवस्थापन समिति
## सुनसरी

# शीतलहर पुर्वतयारी तथा प्रतिकार्य योजना–२०८२

जिल्ला विपद् व्यवस्थापन समिति, सुनसरीले २०८२ सालका लागी, सम्बन्धित सवै निकायहरुको समन्वयमा अध्यावधिक गरेको जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना,सुनसरी **(District Disaster Preparedness & Response Plan/DPRP, Sunsari–2082)** मा यस जिल्लाको प्रकोप जोखिम विश्लेषण गर्दा यस जिल्लामा धेरै प्रकारका विपद्हरु भएता पनि प्राथमिकिकरणको आधारमा पहिलो नम्बरमा भूकम्प दोस्रो नम्बरमा बाढि, तेस्रो नम्बरमा आगलागी र चौथो नम्बरमा शीतलहर हो भनी यकिन गरेको छ । शितलहरको प्रकोपबाट हुन सक्ने क्षतिलाई समयमा नै न्यूनीकरण गर्न विपद् व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउनका लागि नेपाल सरकार, गृह मन्त्रालयको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको शीतलहर पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्य योजना–२०८२ लाई आधार मानी सुनसरी जिल्लाको शीतलहर पुर्वतयारी तथा प्रतिकार्य योजना बनाई तयारी रहन आवश्यक देखिएकाले यो शीतलहर पुर्वतयारी तथा प्रतिकार्य योजना–२०८२ तयार गरिएको छ ।

## १. पृष्ठभूमीः

तराईको जिल्लाहरुमा विशेष गरेर जाडोको समय (पौष,माघ र फागुन महिना) मा शीतलहरको ठूलो समस्या रहेको छ । विशेष गरी विपन्न घर परिवारका महिला, बालबालिकाहरु, ज्येष्ठ नागरिक, बृद्धबृद्धा र अपागंता भएका मानिसहरुलाई शीतलहरको समयमा रुघाखोकी, निमोनियाजस्ता रोगहरुवाट ग्रसित (प्रभावित) हुने र अत्यधिक चिसोको कारण मृत्यु समेत हुने गरेको तथ्याकं छ । सुनसरी जिल्ला पनि शीतलहरवाट प्रभावित हुने जिल्ला मध्येमा पर्दछ । प्रत्येक वर्ष शीतलहरवाट धेरै मानिसहरु प्रभावित हुने र मृत्यु समेत हुने गर्दछ । गत वर्ष जिल्ला विपद् जोखिम योजना .बनाउने क्रममा लिइएको सूचनाको आधारमा यस वर्ष सुनसरी जिल्लामा करिव २६,०११ जना मानिसहरु प्रभावित हुने अनुमान गरिएको छ । त्यसैगरी शीतलहरबाट धेरै विगाहा जमिनमा लगाएको अन्नबालीहरु पनि क्षति हुने अनुमान गरिएको छ ।

## २. कार्ययोजनको उद्देश्यः

शीतलहर पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, २०८२ को प्रमुख उद्देश्य सबै सरोकारवालाको समन्वय, सहकार्य र सहभागितामा शीतलहरबाट हुन सक्ने सम्भावित क्षति र प्रभाव न्यूनीकरण गर्नु रहेको छ । अन्य उद्देश्यहरु देहय बमोजिम रहेका छन ।

- विपद्को अवस्थामा प्रभावितहरुको जनधनको सुरक्षा तथा मानवीय सहयोगका लागि पूर्वतयारी तथा प्रतिकार्य गर्नु ।
- सीमित स्रोतसाधनको अधिकतम उपयोग गरी पूर्वतयारी तथा प्रतिकार्यलाई शीघ्र एवं प्रभावकारी बनाउनु ।
- आपत्कालीन प्रतिकार्यका लागि सबै तहका सरकार एवं सरोकारवाला निकायहरुको परिचालन एवं समन्वय सनिश्चित गर्नु ।
- चिसोका कारण हुन सक्ने संक्रमण रोक्न स्वास्थ्य मापदण्डको पालना गर्नु/गराउनु ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सुनसरी,इनरुवा

वासुदेव घिमिरे
प्रमुख जिल्ला अधिकारी

३. शीतलहरबाट प्रभावित हुने पालिका स्थानीय तहः

| क्र.सं. | स्थानीय तह | प्रभावित हुने वडा | जम्मा प्रभावित हुनस्क्ने जनसंख्या | कै. |
|---|---|---|---|---|
| १ | धरान उपमहानगरपालिका | नरहेको | नरहेको | |
| २ | इटहरी उपमहानगरपालिका | ४,५,७,८,९,१०,११,१४,१६,१७,१८ | ५३१८८ | |
| ३ | दुहबी नगरपालिका | सवै वडा(१-१२) | २४००० | |
| ४ | इनरुवा नगरपालिका | सवै वडा (१-१०) | ४७२५ | |
| ५ | बराहक्षेत्र नगरपालिका | १,३,४,५,६,९,११ | ८६७० | |
| ६ | रामधुनी नगरपालिका | १,२,३,४,५,६,७,८,९ | ५६८० | |
| ७ | भोक्राहा नरसिंह गाउँपालिका | सवै वडा (१-८) | २७९९० | |
| ८ | गढी गाउँपालिका | सवै वडा | ४०० | |
| ९ | देवानगंज यगाउँपालिका | सवै वडा (१-७) | २१३५ | |
| १० | कोशी गाउँपालिका | सवै वडा (१-८) | ४८८०४ | |
| ११ | बर्जु गाउँपालिका | सवै वडा (१-६) | ८० | |
| १२ | हरिगर गाउँपालिका | ४,५,७ | १६०० | |

४. शीलतहर पूर्व तयारी तथा प्रतिकार्य योजना

| क्र.स. | रणनीति | क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | कै. |
|---|---|---|---|---|---|---|
| १ | शीतलहरबाट प्रभावित हुने क्षेत्र तथा लक्षित वर्गको पहिचान गरी तथ्याङ्क अद्यावधिक एवं लाभग्राहीको प्राथमिकता निर्धारण गर्ने । | १. प्रभावित हुने सम्भाव्य जिल्ला तथा जिल्ला अन्तर्गतका बस्ती, समुदाय र लक्षित वर्गको पहिचान गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह | जिल्लास्थित सम्बन्धित कार्यालय/निकाय | २०८२ मंसिर १५ गतेभित्र | |
| | | २. तत्काल राहत उपलब्ध गराउनु पर्ने जनसंख्याको तथ्याङ्क सङ्कलन तथा विवरण अद्यावधिक गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह | जिल्ला स्थित् स्थानीय तह/सुरक्षा निकाय | | |
| | | ३. जेष्ठ नागरिक बालबालिका, दीर्घरोगी, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा सुत्केरी महिला लगायतका संकटासन्न समूहको संवेदनशीलताका आधारमा लाभग्राहीको प्राथमिकता निर्धारण गर्ने। | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह | जिल्ला स्थित स्थानीय तह/ विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरुको जिल्ला स्थित कार्यालय, नागरिक समाज | | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सुनसरी,इनरुवा



बासुदेव घिमिरे
प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | शीतलहरका कारण उत्पन्न हुन सक्ने विपद् प्रतिकार्यका लागि पूर्वानुमान अनुसार पूर्वतयारी तथा पूर्वकार्य. गरी क्षति न्यूनीकरण गर्ने । | १. शीतलहरको जोखिमबारे बहुभाषामा श्रव्यदृश्य सामग्री उत्पादन एवं सचेतनामूलक कार्यक्रम गरी विद्यालय समुदाय र आम संचारमाध्यम, सामाजिक सञ्जाल इत्यादि मार्फत जनचेतना अभिवृद्धि गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, स्थानीय तह, विपद् क्षेत्रमा कार्य गर्ने संघसंस्था | स्थानीय तह, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायका कार्यालयहरु, नागरिक समाज, सञ्चार जगत | शीतलहर शुरु हुनु अगावै | |
| | | २. पहिचान गरिएका र संकटासन्नताका आधारमा प्राथमिकीकरण भएका शीतलहरबाट प्रभावित हुने संकटासन्न समुदायलाई न्यानो कपडा, कम्बल, दाउरा लगायतका राहत सामग्री वितरण गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, विपद् क्षेत्रमा कार्य गर्ने संघसंस्था | स्थानीय तह, सुरक्षा निकाय, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायका कार्यालय, नागरिक समाज, निजी क्षेत्र | शीतलहर शुरु हुनु अगावै | |
| | | ३. शीतलहरका कारण उत्पन्न सक्ने स्वास्थ्य जटिलतालाई मध्यनजर गरी बढी प्रभाव पर्न सक्ने क्षेत्र र समुदायमा रहेका स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधी उपकरण र जनशक्ति आपूर्तिको सुनिश्चितता गर्ने, आवश्यकता अनुसार स्वास्थ्य शिविर र Telemedicine सेवा सञ्चालन गर्ने । | स्वास्थ्य कार्यालय, विपद् क्षेत्रमा कार्य गर्ने संघसंस्था | स्थानीय तह, सुरक्षा निकाय, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायका कार्यालयहरु, सञ्चार माध्यमहरू, नागरिक समाज | नियमित | |
| | | ४. शीतलहरको समयमा सडक दुर्घटनाको जोखिम कम गर्न सवारी चालक तथा आम समुदायलाई सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | यातायात कार्यालय, ट्राफिक प्रहरी, विपद् क्षेत्रमा कार्य गर्ने संघसंस्था | स्थानीय तह, सुरक्षा निकाय, विपद् सम्बद्ध अन्य सरकारी तथा-गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायका कार्यालयहरु, सञ्चार माध्यमहरू, नागरिक समाज | नियमित | |
| | | ५. सवारी साधनमा फग लाईट तथा अन्य आवश्यक पार्ट पुर्जाहरू दुरुस्त रहे | सुरक्षा निकाय, यातायात कार्यालय, ट्राफिक | सुरक्षा निकाय, सवारी चालकहरू, यातायात व्यवसायी | नियमित | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सुनसरी, इनरुवा



बासुदेव घिमिरे
प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | नरहेको चेकजाँच गर्ने तथा नियमनलाई थप प्रभावकारी बनाउने । | प्रहरी, नगर प्रहरी, विपद् क्षेत्रमा कार्य गर्ने संघसंस्था | कम्पनीहरू, सञ्चार माध्यमहरू, नागरिक समाज | | |
| | | ६. यातायात व्यवसायी संघ तथा सम्बद्ध कम्पनीहरू, सवारी चालक संघ लगायतका पेशागत संघसंस्था एवं निकायसँग बैठक तथा समन्वय गरी शीतलहरको समयमा दुर्घटनाको जोखिम कम गर्नका लागि आवश्यक पूर्वतयारी गर्न, गराउन पहल गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति, यातायात व्यवस्था कार्यालय, ट्राफिक प्रहरी तथा स्थानीय तह | यातायात व्यवसायी तथा सवारी चालक संघसंस्थाहरू | मंसिर देखि आवश्यकता अनुसार | |
| | | ७. शीतलहरबाट प्रभावितलाई मनोसामाजिक परामर्श, स्वास्थ्योपचार लगायतको सहयोगका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने । | स्थानीय तह, सबै Leads & Co-leads | जिल्ला विपद् व्यवस्थपन समिति, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, नागरिक समाज | नियमित | |
| ३ | पूर्वानुमान तथा पूर्वसूचना सम्बन्धी संयन्त्रलाई थप प्रभावकारी बनाई सही सूचना समयमै सही तरिकाले सम्बन्धित व्यक्ति/समुदायले पाउने व्यवस्था मिलाउने। | १. एस.एम.एस., रेडियो, टिभि, सामाजिक सञ्जाल (फेसबुक, भाइबर, व्हाट्सएप, ट्वीटर आदि), समाचार पोर्टल लगायतका विभिन्न सञ्चार माध्यमबाट शीतलहर सम्बन्धी पूर्वसूचना र परामर्श नियमित सम्प्रेषण गर्ने। | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह | DEOC/LEOC विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, नागरिक समाज, संचार जगत | मंसिर देखि जोखिम अवधिभर नियमित | |
| | | २. अन्तर सरकारी सूचना सञ्जाल मार्फत शीतलहरको पूर्वानुमान तथा पूर्वसूचना सरोकारवाला सबै निकायले प्राप्त गरी आ- आफ्नो संयन्त्रबाट प्रभावकारी सम्प्रेषण गर्ने व्यवस्था | जिल्ला विपद् व्यवस्थापन समिति | स्थानीय तह, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, नागरिक समाज, संचार जगत | मंसिर मसान्तभित्र | |



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सुनसरी, इनरुवा

बासुदेव घिमिरे
प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | मिलाउने । | | | | |
| ४ | सीमित स्रोत साधनको अधिकतम उपयोग हुने गरी राहत सामग्री तथा वित्तीय स्रोतको व्यवस्थापन गर्दै उद्धार तथा राहत व्यवस्थापनलाई प्रभावकारी बनाउने । | १. जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिका विपद् कोषहरूको न्यूनतम मौज्दात सुनिश्चित गर्ने एवं राहत सामग्रीहरूको मौज्दात (stockpile) अद्यावधिक गर्ने । | जिल्ल विपद् व्यवस्थापन समिति | स्थानीय तह विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू | मंसिर २० गतेभित्र | |
| | | २. विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत संघसंस्थाहरूसँग रहेको वित्तीय स्रोत र राहत सामग्रीहरूको विवरण अद्यावधिक गरी तयारी अवस्थामा राख्ने । | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, सबै Leads & Co-leads | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, नागरिक समाज | मंसिर २० गतेभित्र | |
| | | ३. टाउन हल, स्थानीय समुदायमा रहेका सार्वजनिक भवन, मन्दिरको वाचनालय हल, मस्जिदको प्रार्थना हल. विवाह मण्डप आदिमा एसी, हिटर, तातो पानी पिउने सुविधा आदि गरी सम्बन्धित समुदायका सङ्कटासन्न मानिसहरूलाई राख्ने व्यवस्था गर्ने । | स्थानीय तह. सम्बन्धित धार्मिक तथा सामाजिक संघसंस्था र समुदाय | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, नागरिक समाज | शीतलहर शुरु हुनासाथ नसकिएसम्म | |
| | | ४. सामाजिक सुरक्षा भत्तालाई जाडोको सामना गर्न सदुपयोग गर्ने गरी सम्बन्धित व्यक्ति तथा परिवारलाई उपलब्ध गराउने । | स्थानीय तह, धार्मिक तथा सामाजिक संघसंस्थाहरू | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, नागरिक समाज | मंसिर मसान्तभित्र | |
| | | ५. राहत तथा वित्तीय स्रोतको थप आवश्यकताको विवरण सङ्कलन गर्ने एवं सम्बन्धित तहमा राहत तथा वित्तीय स्रोतको हस्तान्तरण गर्ने। | जिल्ला विपद व्यवस्थापन समिति स्थानीय तह, सबै Leads & Co-leads | विपद् सम्बद्ध सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायका कार्यालयहरु, नागरिक समाज | मंसिर मसान्तभित्र | |
| ५ | सम्बन्धित सबै निकायहरूसँगको समन्वय, सहकार्य र सहभागितामा | १. शीतलहरका कारण दुर्घटनाग्रस्त भएका सवारी हटाउन एवं अवरुद्ध सडक सुचारु गर्न आवश्यक मेसिन | जिल्ला सुरक्षा समिति, स्थानीय तह, सडक डिभिजन कार्यालय, पूर्वाधार कार्यालय, | सुरक्षा निकाय, निजी क्षेत्र, | शीतलहर अघि र भएपछि | |



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सुनसरी, इनरुवा

वासुदेव घिमिरे
प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने । | तथा उपकरणहरू तयारी हालतमा राख्ने। | हेभी इक्विपमेन्ट डिभिजन | | | |
| | | २. दमकल तथा अग्निनियन्त्रण मेशिन औजारलाई दुरुस्त गरी तयारी अवस्थामा राख्ने । | स्थानीय तह सम्बन्धित सुरक्षा निकाय | निजी क्षेत्र | निरन्तर | |
| | | ३. विपद्को बेला सञ्चार अवरुद्ध भएमा तत्कालै आपत्कालीन सञ्चार प्रणाली सुचारु गर्न सक्ने संयन्त्र निर्माण गरी परिचालन गर्ने । | दूरसञ्चार कार्यालय | सुरक्षा निकाय, सञ्चार जगत | निरन्तर | |
| | | ४. विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड अनुसार खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यलाई समन्वयात्मक एवं एकद्धार प्रणाली मार्फत सञ्चालन गर्ने। | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, सबै Leads & Co-leads | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त नागरिक समाज, सञ्चार जगत, निजी क्षेत्र | तत्काल | |

**५. अनुगमन तथा मूल्याङ्कन**

जिल्ला विपद् व्यवस्थापन समिति, सुनसरीले यस कार्ययोजना कार्यान्वयनको चरणमा आउनु सक्ने समस्या वा बाधा व्यवधानको समयमै पहिचान एवं न्यूनीकरण गर्दै कार्यान्वयनलाई उद्देश्योन्मुख तुल्याउनेछ । कार्ययोजनाले निर्दिष्ट गरे बमोजिम जिम्मेवार निकायहरूको पूर्वतयारीका कार्यहरूमा जिल्ला विपद् व्यवस्थापन समितिले आवश्यक समन्वय, सहजीकरण र नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ । जिम्मेवार तथा सहयोगी निकाय सबैको सहभागितामा शीतलहर पूर्वतयारी तथा प्रतिकार्यको समग्र अवस्थाको नियमित रूपमा समीक्षा तथा लेखाजोखा गरिनेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सुनसरी, इनरुवा

बासुदेव घिमिरे
प्रमुख जिल्ला अधिकारी